# सडकदेखि सांसदसम्म



माननीय राजु नेपाली [*]

२०३६ सालको आन्दोलनदेखिको राजनीतिक स्मरणसहितको जीवनयात्रा सुरु भएको थियो । बाल्यकालदेखि सुरु भएको राजनीतिक यात्रा र दशरथपुर घुम्नीकाण्डमा साहदत प्राप्त गर्नु हुने श्री इन्द्र विसी, श्री न्याउले कामी लगायतका व्यक्तीहरूको जीवनीबाट राजनीतिमा प्रवेश गर्न उच्च प्रोत्साहन मिलेको थियो ।

२०४६ साल अगाडि बहुदलीय व्यवस्था प्रति आस्था झनै बढ्दै गइरहेको थियो । बहुदलीय व्यवस्था आइसकेपछि पार्टीका विभिन्न जनवर्गीय संगठनहरूमा विभिन्न पदमा काम गर्दै आइरहेको र पार्टीको वडा सचिवदेखि लिएर २०५४ सालको स्थानीय निर्वाचनमा महिला सदस्य निर्वाचन भई काम गरेको अनुभव ताजै छ । पार्टीको चार कार्यकालमा जिल्ला कमिटीमा दुई कार्यकाल सचिवालय सदस्य र दुई कार्यकाल जिल्ला कमिटी सदस्यमा काम गरेको थिएँ। २०७४ को स्थानीय तहको निर्वाचनमा पार्टी नगर संयोजक भइ काम गरेको र २०७४ सालको प्रदेशसभा निर्वाचनमा क्षेत्र नम्वर २ (क) को पार्टीको संयोजक भइ काम गरेको अनुभव छ । उक्त निर्वाचनबाट समानुपातिक तर्फबाट प्रदेशसभा सदस्यमा निर्वाचित भएको थिएँ । अहिले पार्टीको प्रदेश कमिटीमा रही काम गरिरहेको छु।

यी विभिन्न कालखण्ड, आरोह अवरोह पार गर्दै निरन्तर समाजिक सेवामा समर्पित रहदै आइरहेको छु । नेपालको संविधानको धारा १९३ बमोजिम गठन गरिएको विभिन्न समितिहरू मध्ये प्रदेशसभाको सामाजिक विकास समितिको पदमा रहेकी छु । समितिको अध्यक्षमा रही समितिका विभिन्न क्रियाकलापहरूमा सक्रिय उपस्थिति जनाउँदै विषयवस्तुको आधारमा सक्रिय छलफल गराई विधेयकलाई परिपक्व गर्ने कार्य गरेको छु ।

२१ औं सताब्दीको युगमा महिला समानताको आवाज उठीरहेको सवालमा दिदीबहिनीहरू घरको चुलो चौकोमा मात्र सीमित नरही सामाजिक कार्यका लागि जागरुक हुनु पर्ने बेला आएको छ । जुनसुकै कार्यक्रमहरूमा महिलाहरूको सहभागिता भए पनि समानुपातिक समावेशी

---

[*] सदस्य, कर्णाली प्रदेश सभा तथा अध्यक्ष, सामाजिक विकास समिति

सहभागीता हुन नसकिरहेको अवस्थामा अर्थपूर्ण सहभागिता जनाउन आवश्यक देखिएको छ । अझै पनि पछाडि परेको वर्ग र क्षेत्रलाई उच्च प्राथिमकता दिने कार्यक्रम सञ्चालन गर्ने गरेको भए पनि सीमान्तकृत वर्गका महिलाहरूको उपस्थित न्यून रहेको अवस्था छ । महिलाहरूलाई विभिन्न क्षेत्रमा अवसर दिइनु पर्छ । महिलाहरूले नेतृत्व गरेको विभिन्न संगठनहरूको प्रभावकारीता अझ बढ्ने गरेको पाइएकोले प्रदेशका ३ वटै अंगमा लगायत विभिन्न निकायहरूमा महिलाहरूको समानुपातिक, समावेशी र पिछडिएका वर्गहरूको सहभागीतालाई ध्यान दिनु आजको आवश्यकता रहेको छ । परिवर्तित सन्दर्भमा पिछाडिएका वर्गहरूबाट पनि अझै सीमान्तकृत वर्गका महिलाहरूको अर्थपूर्ण सहभागीता जनाउने विषयमा विधायकहरू केन्द्रिकृत हुनु जरुरी रहेको छ ।